# साझा यातायात सहकारी संस्था लिमिटेड

पुल्चोक ललितपुर, फोन नं : ०१-५४५२६८६, ९८४३७०७५७२

## पुरानो मालसामान लिलाम बिक्रि सम्बन्धी १५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति वि.सं २०८१/०२/१६)

यस साझा यातायात सहकारी संस्था लिमिटेडको बसहरुमा प्रयोग भई काम नलाग्ने भएर निकालिएको तपसिलमा उल्लेखित सामानहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट बिक्रि गरिने भएकोले इच्छुक संघ संस्था वा व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र निम्न लिखित शर्तहरुको अधिनमा रहने गरी कार्यालय समय भित्र यस संस्थाको प्रशासन शाखामा गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन आह्वान गरिएको छ ।

### तपसिलः

| क्र.सं. | सामानको नाम | सामानको विवरण | एकाई | जम्मा एकाई |
|---|---|---|---|---|
| १. | टायर | क) १०००x२० | थान | ९० |
| | | ख) ८x२५x१६ | थान | ३६ |
| २. | व्याट्रि | १५० एम्पियर | थान | ५१ |
| ३. | मोबिल | इन्जिनमा प्रयोग भई जलेको | लिटर | १६०० |
| ४. | ट्युब | टायर ट्युब | थान | ५० |
| ५. | फिल्टर | एयर/आयल | थान | १०० |

### सिलबन्दि दरभाउपत्र सम्बन्धी शर्तहरुः

१. आफुले कवोल गरेको रकमको न्यूनतम् ५% (पाँच प्रतिशत) ले हुने धरौटी रकम यस संस्थाको नाममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. ११४०१०००००३७००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर दरभाउपत्रको साथ पेश गर्नु पर्नेछ ।

२.आफुले कवोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सच्याईएको वा केरमेट गरिएको स्थानमा दरभाउपत्र दाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

३. कबुल गरिएको रकममा नियमानुसार **मू.अ. कर** लाग्नेछ ।

४.दरभाउपत्र पेश गर्दा सो साथ प्राकृतिक व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा संस्थाको हकमा अद्यावधिक संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि समेत संलग्न गरी दरभाउपत्र पेश गर्नुपर्नेछ ।

५. रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु कारण देखाई वा नदेखाई पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने सर्वाधिकार यस संस्थामा निहित रहनेछ ।

६. तोकिएको परिमाणमा थप घट हुन गएमा कायम हुन आएको परिमाण र कबुल गरिएको रकमलाई आधार मानि सोहि अनुसार हिसाब मिलान गरिनेछ ।

७. दरभाउपत्र स्वीकृत भएपछि उक्त दरभाउपत्रमा कवोल गरिएको **रकममा नियमानुसार लाग्ने मू.अ.कर समेत** गरी हुन आउने रकम प्रस्ताव स्वीकृतको सूचना पाएको मितिले ७ (सात) दिन भित्र यस संस्थाको नाममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. ११४०१०००००३७००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ र तत्पश्चात खरिद गरिएको सामानहरु खरिदकर्ताले आफ्नै खर्चमा ७ दिन भित्र उठाई लैजानु पर्नेछ । यदि तोकिएको म्याद भित्र मालसामान खरिद गर्न नआएको खण्डमा सो भन्दा लगत्तै पछिको अधिकतम मूल्याङकित दरभाउपत्र स्वीकृत गरिनेछ ।

८. थप जानकारीका लागी कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।